annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२१, पृष्ठ ८ | काठमाडौं, मंगलबार १७ चैत २०८२ | चैत्र शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | TUESDAY, MARCH 31, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

अन्नपूर्ण निगरानी

# सरकार जाग्दा जनकपुरका ‘माफिया’ त्रासमा

जनकपुरधाममा २५ गुठीका करिब १० हजार बिघा जग्गा र सार्वजनिक पोखरीहरू भूमाफियाले अतिक्रमण तथा अवैध बिक्री गरेका छन्। २०६२ सालको उच्चस्तरीय कार्यदलको प्रतिवेदनअनुसार नगरका ४९ मध्ये ५ वटा ऐतिहासिक पोखरीहरू पूर्णत: लोप भइसकेका छन्। सरकारले हालै १०० बुँदे कार्यसूचीमार्फत डिजिटल अभिलेख र अबैध कब्जा हटाउने विशेष अभियान घोषणा गरेसँगै जनकपुरका भूमाफियामा त्रास फैलिएको छ।

**मनिका झा** | *जनकपुरधाम*




विस्तृत पृष्ठ २

टिप्पणी

## अब नहोस् नातावाद र कृपावाद

**टेकेन्द्र जोशी**



अमेरिकी गान्धी पनि भनेर चिनिने अहिंसावादी आन्दोलनकारी एवं मानव अधिकारवादी नेता मार्टिन लुथर किंगको एउटा चर्चित भनाइ छ, एक ठाउँको अन्याय संसारको न्यायलाई धम्की। अन्यायमा परेका संसारका जो कोहीका लागि ‘कालजयी’ लाग्ने यो भनाइ नेपालमा खासगरी २०४८ सालयताको जतिधैरै दिनहरू गुज्रिए उति नै धेरै सान्दर्भिक हुँदै गइरहेको थियो। संसद् किनबेचको प्रकरणले चिनिने विभिन्न काण्डहरू (सुरा सुन्दरी) काण्ड हुन् वा सांसदहरूमाथि भएका लिलाम बढाबढका घटना नै किन नहुन्, त्यसले नेपालको फोहोरी राजनीतिलाई नंग्याइरहेको थियो।

तर, बिडम्बना ! उनीहरूमाथि कारबाही त के छानबिनको दुस्साहस पनि गरिएन। २०४६ सालपछि ढलेका भनेका पञ्चहरूले समेत प्रधानमन्त्रीको भाग पाए। कहिले सूर्यबहादुर थापा त कहिले लोकेन्द्रबहादुर चन्द सरकारले बहुदलमा पनि रजगज गरे। यस्तो भद्दा संसदीय राजनीतिले बहुदलपछिको ३५ वर्षमा अहिलेको बालेन नेतृत्वको समेत गणना गर्दा ३१ वटा सरकार बने।

सरकारको संख्यालाई आधार मान्ने हो भने पछिल्लो ३५ वर्षभन्दा प्रजातन्त्र स्थापनाको २००७ सालदेखि पञ्चायत ढल्दै गर्दाको २०४६ सालसम्म अर्थात् अघिल्लो ३९ वर्षमा २२ वटा मात्रै सरकार बने। तुलनात्मक रूपमा त्यो बरु स्थिर देखिन्छ। विकासको जग बसाएको भनेर राजा महेन्द्रको जय जयकारसमेत हुने गरेको छ। देशमा प्रजातन्त्र स्थापना भएको ७५ वर्षमा आममानिस रैतिबाट प्रजा हुँदै नागरिक र जनताको तहमा पुगिसकेका छन्।

राजनीतिक चेतनाको स्तरमा १८० डिग्री घुमेको छ। तर, आर्थिक अवस्था देशकै र नागरिकको समेत तन्नम छ। सरकारले रोजगारीको सुनिश्चितता गरेर गरी खान दिएको छैन। जसोतसो आफैं गरिखाना खोजेका युवाहरूलाई समेत रोजगारी खोस्ने गरी सामाजिक सञ्जाल नै बन्द गर्ने सरकारी निर्णयपछि भदौ २३ र २४ को जेन-जी बिद्रोह भयो। यसले तत्कालीन केपी ओली नेतृत्वको सरकार मात्रै ढलेन फागुन २१ को चुनावपछि देशको शक्ति सन्तुलन र सत्तासमीकरण नै आमूल परिवर्तनको अवस्थामा पुन्याइदिएको छ। एक हिसाबले रास्वपालाई जनताले शंकै नगरी दुईतिहाइको विश्वास दिएका छन्।

**नयाँ सरकार गठन भएसँगैको तहल्का**

चैत १३ मा बालेन्द्र साह (बालेन) नेतृत्वको सरकार बन्दै गर्दा शपथमा देखिएको दृश्यले नेपालको ‘सांस्कृतिक राष्ट्रवाद’ सन्देश संसारलाई दिएको छ। आधुनिक नेपालमा कुनै पनि प्रधानमन्त्रीको शपथमा १०८ बटुकबाट गरिएको स्वस्ति शान्ति र १०७ बौद्ध भिक्षुबाट गरिएको मंगल पाठ र ७ शंखनादको ध्वनि सुनिएन। यो नै पहिलो थियो। जसले एकैपटक नेपालका सनातनी सम्भवतालाई एकै सूत्रमा जोड्न मद्दत गरेको छ।

यसले नेपालको सांस्कृतिक सम्यभ्तालाई विश्वमा ब्रान्डिङमा समेत एउटा इँटा थप्ने काम गरेको छ। शपथ लगत्तै बालेन नेतृत्वको मन्त्रिपरिषद् बैठक बसेर भएका निर्णय पनि निकै अर्थपूर्ण देखिए। सहिदहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्ने, सरकारको प्रवक्तामा शिक्षामन्त्रीलाई तोक्ने, शासकीय सुधारका लागि १०० वटा कार्ययोजना स्वीकृत र जेन-जी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने तर सुरक्षाकर्मीलाई गरिएको कारबाही सिफारिस कार्यान्वयन अघि अर्को समिति गठन गरेर अध्ययन गर्ने।

उपरोक्त निर्णयहरूमध्ये बुँदा नम्बर ४ को निर्णय कार्यान्वयनमा गएपछि नेपाली राजनीति तरंगित छ। एक हिसाबले ‘उच्च घमासान’मा फसिरहेको छ। शुक्रबार साँझबाटै निर्णय प्रक्रियालाई कार्यान्वयनमा लाने प्रक्रिया थालिएको छ। रातभरमा अनेक प्रक्रिया मिलाएर शनिबार झिसमिसमै एमाले अध्यक्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेतासमेत रहेका तत्कालीन गृहमन्त्री रमेश लेखक पक्राउमा परे।

यो घटनापछि कैयौंले टिप्पणी गर्दै भनेका छन् नेपालको राजनीतिले पनि बंगलादेश र पाकिस्तानको बाटो समायो अर्थात् प्रतिशोध।

» बाँकी पृष्ठ ६

## संविधान संशोधन बहस पत्र तयार गर्न कार्यदल गठन

**काठमाडौं** (अन्नपूर्ण): सरकारले संविधान संशोधन बहस पत्र तयार गर्न कार्यदल गठन गरेको छ। प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम साहको अध्यक्षतामा कार्यदल गठन भएको छ। आइतबारको मन्त्रिपरिषद्ले संविधान बहस पत्र तयार गर्न कार्यदल बनाएको हो।

सरकार प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री सस्मित पोखरेलले साहको नेतृत्वको कार्यदलले सबै दलहरूको सहभागितामा राष्ट्रिय सहमतिमा बहस पत्र तयार गर्ने जानकारी दिए। पहिलो मन्त्रिपरिषद्को बैठकमा पारित गरिएको सरकारका शासकीय सुधारका १०० कार्यसूचीमा पनि संविधान संशोधन बहस पत्र तयार गर्ने उल्लेख छ।

**चैत १९ मा संसद् अधिवेशन**

राष्ट्रपति रामचन्द्र पौडेलले आगामी चैत १९ का लागि संघीय संसद्को अधिवेशन आह्वान गरेका छन्। सोमबार बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा र राष्ट्रियसभाको अधिवेशन आह्वान गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए। संघीय संसद्को बैठक आगामी चैत १९ गते दिउँसो २ बजे बस्ने भएको छ। आइतबारको मन्त्रिपरिषद्को बैठकले सरकारले यही चैत १९ गते बिहीबारका लागि संघीय संसद्को अधिवेशन आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको थियो। फागुन २१ मा भएको निर्वाचनपछि यो पहिलो संसद् अधिवेशन हो। फागुन २१ मा निर्वाचित प्रतिनिधिसभा सदस्यको गत चैत १२ गते शपथग्रहण भने भइसकेको छ।



» बाँकी पृष्ठ ६

## ओली र लेखकलाई थुनामुक्त गर्न सर्वोच्चको अस्वीकार

**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई बन्दी प्रत्यक्षीकरणको रिटमार्फत तत्काल रिहा गर्न अस्वीकार गरेको छ। सर्वोच्चले दुवै हाई-प्रोफाइल नेताहरूको हकमा सरकारका नाममा कारण देखाऊ आदेश मात्र जारी गरेको छ।

अदालतले तत्काल रिहाइको आदेश नदिएपछि ओली र लेखकलाई हिरासतमै राखेर अनुसन्धान अघि बढाउन प्रहरीलाई बाटो खुलेको छ।

भदौ २३ र २४ गतेको घटनाको छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगले गरेको कारबाही सिफारिसका आधारमा सरकारले शनिबार बिहान तत्कालीन सरकारका प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकलाई पक्राउ गरेको थियो।

ओलीलाई गैरकानुनी रूपमा थुनामा राखिएको दाबी गर्दै उनकी पत्नी राधिका शाक्यले दायर गरेको बन्दी प्रत्यक्षीकरण रिटमा सोमबार सुनुवाइ भएको थियो।

» बाँकी पृष्ठ ६

## ‘अघोषित युद्धविराम’ तोड्दै मैदानमा देउवा कांग्रेस

**राधा खनाल** | *काठमाडौं*

चुनावका कारण ‘अघोषित युद्धविराम’ रहेको नेपाली कांग्रेसभित्र समानान्तर गतिविधि देखिन थालेको छ। दुई दिनअघि पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखकको पक्राउको विरोधमा विज्ञप्ति निकालेको देउवा समूह मैदानमा नै आएको छ।

१४औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला पक्षधरले नयाँ निर्वाचित सांसद्हरूलाई बधाई दिने प्रयोजन देखाउँदै सोमबार छुट्टै भेला गरेका छन्।

कांग्रेसका नेता पूर्णबहादुर खड्काले संख्यात्मक रूपमा कम भए पनि सांसदहरूले देश र जनताको पक्षमा प्रभावकारी भूमिका खेल्नुपर्ने बताए। देउवा-शेखर कोइराला समूहको भेलामा बोल्दै खड्काले लोकतन्त्र र प्रजातन्त्रका लागि कांग्रेसले खेलेको ऐतिहासिक भूमिकालाई ध्यानमा राख्दै सांसदहरूले संसद्मा सक्रिय रूपमा प्रस्तुत हुनुपर्ने बताए। उनले भने, ‘संख्याको हिसाबले कम भए पनि तपाईंहरू लोकतान्त्रिक आन्दोलनको धरोहर बोकेर संसद्मा हुनुहुन्छ। जनताको हक-अधिकार सुनिश्चित गर्न प्रखर भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास छ।’



कांग्रेसभित्र पछिल्लो समय आन्तरिक विवाद तीव्र बनेको छ। माघ १ मा सम्पन्न विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएसँगै पार्टीभित्रको मतभेद झनै बढेको हो। शेरबहादुर देउवा र शेखर कोइराला समूहले उक्त महाधिवेशनलाई अझै पूर्णरूपमा स्वीकार गरेका छैनन् भने विवाद सर्वोच्च अदालतमा विचाराधीन छ।

यद्यपि, निर्वाचनमा अधिकांश उम्मेदवारहरूले थापा नेतृत्वबाटै टिकट लिएर चुनाव लडेका थिए। पछिल्लो समय पार्टीभित्र समानान्तर गतिविधि बढ्दै गएको छ। केन्द्रीय कार्यालयमा गगन थापा पक्षका बैठक नियमित भइरहेका छन् भने देउवा-कोइराला समूहले होटलहरूमा छुट्टै छलफल गर्दै आएका छन्। सोमबारको भेलामा उक्त समूहका सांसद तथा शीर्ष नेताहरूको उपस्थिति थियो। कार्यक्रममा खड्काले संसद्को अनुभव भएका नेताहरूले नयाँ सांसदहरूलाई सहयोग गर्ने प्रतिबद्धता जनाए। ‘संसदीय अनुभव भएका साथीहरू सधैं तपाईंहरूको साथमा रहनेछन्। आवश्यक परे जुनसुकै बेला सहयोगका लागि सम्झिन सक्नुहुन्छ,’ उनले भने। उनले नवनिर्वाचित सांसदहरूलाई कानुन निर्माण, संविधानको कार्यान्वयन तथा जनअधिकारका विषयमा दृढतापूर्वक प्रस्तुत हुन आग्रह गरे।



यस्ता भेटघाट नयाँ होइनन्, पहिलादेखि नै हुँदै आएका छन्। यसलाई ठूलो विषय बनाउनु आवश्यक छैन।

**-शेखर कोइराला**

» बाँकी पृष्ठ ६